परियोजना संक्षेप

BiratNepal bnmtnpl

# CHANGE TB: Intersectional approaches to empower communities to explore, challenge and transform TB-related stigma

## भुमिका

नेपालमा क्षयरोगको कारणले उत्पन्न लान्छना तथा भेदभावहरु उल्लेखियरुपमा विद्यमान छ । हाम्रो अघिल्लो अनुसन्धानले नेपालमा क्षयरोगका विरामी तथा परिवारहरु मध्ये आधा मानिसहरूले गम्भीर रुपमा भेदभाव अनुभव गर्ने गरेको देखाएको छ, जसमा प्रचलित कथ्य र आत्म लान्छना उच्च देखिएको छ । त्यस्तै पितृसत्तात्मक मान्यताहरूका कारणले पनि लैंगिक, सामाजिक तथा सांस्कृतिक भेदभाव तथा लान्छना गम्भीर रूपमा वढाएको पाइएको छ । STOP TB PARTNERSHIP (CFCS 2022) को समुदाय, अधिकार, र लिङ्ग (CRG) अनुसन्धानले नेपालमा समुदायमा आधारित लैंगिक, सामाजिक तथा सांस्कृतिक अधिकारको विभृद लान्छना कम गर्न सफल कार्यक्रमहरूको कमी भएको कुरा लाई ध्यान दिदै समुदायमा क्षयरोगको कारणले विरामी तथा घर परिवारले भोग्नुपरेको लान्छना, विभेद तथा भेदभावहरुको वारेमा अध्ययान गरी न्यूनिकरणको प्रभावकारी कार्यक्रमहरू सहसृजना गर्नु पर्ने तत्कालको आवश्यकतालाई जोड दिन्छ ।

STOP TB PARTNERSHIP को आर्थिक सहयोगमा सञ्चालित "CHANGE TB" परियोजनाको मुख्य उद्देश्य अति जोखिममा रहेका समुदायहरूले क्षयरोगको कारण उत्पन्न लैंगिक, सामाजिक तथा सांस्कृतिक भेदभाव र लान्छना न्यूनिकरणको लागी क्षयरोग निको भएका व्यक्तिहरुको प्रशिक्षित नेटवर्क स्थापना गरी सरोकारवालाहरु सँग पैरवी र वकालत गर्नु हो ।

## उद्देश्यहरु

१. Stop TB Toolkit को प्रयोग गरी परियोजना सञ्चालित जिल्लाहरुहरुमा क्षयरोगबाट निको भएका व्यक्तिहरुलाई लैंगिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको बारेमा तालिम दिने ।

२. क्षयरोग प्रभावित समुदायहरूसँग मिलेर क्षयरोगको कारणले हुने विभिन्न लैंगिक, सामाजिक तथा सांस्कृतिक भेदभाव घटाउन स्थानिय स्तरमा विभिन्न कार्यक्रमहरू सह-सृजना गर्ने ।

३. नेपालको तीन प्रदेशहरुमा क्षयरोगको कारणले क्षयरोगका विरामीहरुले भोगेका विभिन्न लैंगिक, सामाजिक तथा सांस्कृतिक भेदभाव तथा जीवित अनुभवहरु गहिरो रुपमा अध्ययन गर्ने ।

४. क्षयरोग प्रभावित घरपरिवारहरूलाई उनीहरूको अधिकारबारे सचेतना गरी टि.बी. क्लब नेटवर्क मार्फत सामाजिक र आर्थिक सहायतामा उनीहरुको पहुँच बढाउन सहयोग गर्ने ।



## कार्यक्रमहरू

- अति जोखिममा रहेका समुदायहरूले क्षयरोगको कारणले भोग्नुपरेको लान्छना, विभेद तथा भेदभावहरुको बारेमा तथ्याङ्क संकलन गर्ने ।
- सामुदायिक स्वास्थ्य केन्द्रहरू वरीपरीका क्षेत्रहरूमा क्षयरोग सम्बन्धि लान्छनाबारे सचेतना जगाउने भित्ते लेखन चित्रहरूको निर्माण गर्ने ।
- क्षयरोगका विरामी तथा घरपरिवारका सदस्यहरूलाइ लैंगिक, सामाजिक तथा सांस्कृतिक अधिकार तथा यसको न्यूनिकरणको लागी पैरवी तथा वकालत सम्बन्धी सचेतना गोष्ठी गर्ने ।
- क्षयरोगको विरामी तथा परिवारहरूसँग क्षयरोग सम्बन्धि लान्छना तथा भेदभाव न्यूनिकरणका लागि सहयोग गर्ने टि.बी. क्लब संचालन तथा सहजीकरण गर्ने ।
- क्षयरोग निको भएका व्यक्तिहरुको अनुभवलाई प्रयोग गरी पैरवी तथा वकालत बारे तालिम संचालन गर्ने ।
- परियोजनाबाट प्राप्त उपलब्धि, अध्ययनको निष्कर्षका अनुभव र परिणामहरूको बारे सरोकारवालालाई जानकारी दिने ।
- क्षयरोगका कारणले हुने लैंगिक, सामाजिक तथा सांस्कृतिक भेदभाव र लान्छना बारे सरोकारवालाहरुसँग नीति संवाद संचालनको आयोजना गर्ने ।



## लक्षित समुह

- क्षयरोगीहरू र क्षयरोग प्रभावित परिवारहरू, सामुदायिक सरोकारवालाहरू, राष्ट्रिय क्षयरोग कार्यक्रमका नेताहरू र निर्णय कर्ताहरु




## अपेक्षित परिणामहरू


१. परियोजना सञ्चालित जिल्लाहरुमा जोखिममा रहेका तथा विविध सांस्कृतिक समूहका सामुदायिक कार्यकर्ताहरूको एक सञ्जाल निर्माण हुने ।
२. नेपालका विभिन्न समुदायहरूमा क्षयरोगका कारणले हुने लैंगिक विभेद तथा भेदभाव बारे गहिरो बुझाई ।
३. क्षयरोग सेवा प्रदान गरीरहँदा स्वास्थ्य सेवा प्रदायकहरुद्वारा हुने भेदभाव जन्य व्यवहारहरूमा सुधार भई बिरामीमैत्री बातावरणको सिर्जना हुने ।

## सहकार्य र साझेदारी

**आर्थिक सहयोग :** STOP TB PARTNERSHIP / UNOPS
**साझेदारहरु :** स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र, प्रादेशिक स्वास्थ्य निर्देशनालय, स्वास्थ्य कार्यालय, स्थानिय पालिकाहरु र क्षयरोगमा कार्यरत साझेदार सँस्थाहरु ।




## परियोजना स्थलहरू




**परियोजना जिल्लाहरु ( बर्दिया, बाँके, महोत्तरी, धनुसा, सुनसरी, मोरङ्ग ) मा गाढा रातो रङ्ग लगाईएको ।**


**केन्द्रिय कार्यालय**
**वि.एन.एम.टी. नेपाल**
पि.ओ.बक्स : २०५६४ लाजिम्पाट २, काठमाडौं
फोन : +९७७ १ ४५३६४३४, ४५२८२४०, ४५४१९१८
ईमेल : bnmtnepal@bnmt.org.np

**क्षेत्रिय कार्यालयहरु**
नेपालगञ्ज उपमहानगरपालिका - १०
भृकुटीनगर, नेपालगञ्ज
फोन : ०८१-५३०७५७

बिराटनगर महानगरपालिका - ११
जनपथ टोल, बिराटनगर मोरङ्ग, पि.ओ.बक्स : ९
फोन : ०२१-४७०६०८


## सम्पर्कको लागी


www.bnmtnepal.org.np

**श्री ज्ञानेन्द्र श्रेष्ठ**
राष्टिय कार्यक्रम संयोजक, परियोजना प्रबन्धक
वि.एन.एम.टी.
मोबाइल : ९८५२०२३९१९
ईमेल : gyanendra@bnmt.org.np

**श्री रघु धिताल**
कार्यकारी निर्देशक
वि.एन.एम.टी.
ईमेल : raghu.dhital@bnmt.org.np

**कृतिका दिक्षित**
अनुसन्धान प्रबन्धक
वि.एन.एम.टी.
ईमेल : kritika@bnmt.org.np